नेपाल सरकार

सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुर

## पुराना जिन्सी सामानहरुको लिलाम विक्री सम्वन्धी शिलवन्दी बोलपत्र आह्वानको सूचना!!!

**प्रथम पटक प्रकाशित मिति २०७७/१०/१३ गते ।**

सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा रहेको तपसिल बमोजिम जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम/विक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न ईच्छुक ब्याक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई यस विज्ञापनको माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | सामानको विवरण | परिमाण | दर | न्युनतम मुल्य रु. मु.अ.कर बाहेक | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | फलामसँग सम्बन्धित | ६३९ के.जी. | रु.३४.८० | रु.२२,२३७.२० | रु.३००/- | |
| २. | प्लाष्टिकसँग सम्बन्धित | ६८९.८००ग्राम | रु.१७.४० | रु.१२,००२.५२ | | |
| ३. | सिल्भरसँग सम्बन्धित | १०२ के.जी. | रु.११३.१० | रु.११,५३६.२० | | |
| ४. | स्टिलसँग सम्बन्धित | १५ के.जी. | रु.४३.५० | रु.६५२.५० | | |
| ५. | ब्याट्रीसंग सम्बन्धित | ३६० के.जी. | रु.११४.८० | रु.४१,३२८/- | | |
| ६. | काठसंग सम्बन्धित | ५० के.जी. | रु.६.९० | रु.३४५/- | | |
| | | | जम्मा | रु.८८,१०१.९० | | |

बोलपत्र फारम सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७७/१०/२७ गते) को कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ। बोलपत्र फारम १६ औं दिन (मिति२०७७/१०/२८ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा दर्ता गराई सक्नु पर्नेछ, दर्ता भएको बोलपत्र फारमहरु सोही दिनको १४:०० बजे जिल्ला प्रशासन कार्यालय, भक्तपुर र कोष तथा लेखा नियन्त्रण कार्यालय, भक्तपुरको रोहबरमा यस सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा खोलिनेछ। बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरको कोड नं. ३१४०५३३०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, भक्तपुरको धरौटी खाता नं. १९-५१-९०७४ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्ने अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ। स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतको जानकारी पाएको १० (दश) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ। बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यायलले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजश्वमा दाखिला गरिनेछ। लिलाममा भाग लिन चाहाने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनिहरुले ईजाजत प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। उल्लेखित जिन्सी सामानहरुको बारेमा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं. ०१-५१४४५१०/९८५१२७२०६७ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ। यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web site:- www.apf.gov.np मा समेत राखिएको छ।